फोन नं:9855048899
Email :pmamp.piu.bara@gmail.com
वेबसाइट:piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, बारा
(कार्य क्षेत्र बारा र पर्सा)

## स्यालो टयुबवेल जडानको लागि आवश्यक यन्त्र उपकरणहरुको सिलबन्दी दररेट सहित सुचिकृत सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०९/२३)

यस परियोजना कार्यान्वियन एकाईको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिचाई पूर्वाधार निमार्ण तथा मर्मत सम्भार कार्यक्रम अन्तर्गत स्यालो टयुबवेल जडानको कार्यक्रम रहेकोले योग्यता पुगेको ईच्छुक ईजाजत प्राप्त संस्था, फार्म तथा कम्पनीबाट परियोजनाले उपलब्ध गराउने निर्दिष्ट फाराम भरि आवश्यक कागजपत्र सहित यो सुचना प्रकाशित भएको मितिले १६ औ दिन अर्थात २०८१/१०/०९ गते १२:०० बजे भित्र सिलबन्दी दररेट पेश गर्न सुचित गरिन्छ। रित पूर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिनको २:०० बजे आपुर्तीकर्ता वा निजको प्रतिनिधि तथा परियोजनाको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ। प्रस्ताव खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट प्रस्ताव खोलिने छ। आपुर्तीकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। साथै यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस परियोजनाको वेबसाईट piubara.pmamp.gov.np मा गई हेर्न सकिनेछ तथा निर्दिष्ट फारामको लागि यस परियोजनामा सम्पर्क गर्न हुन अनुरोध छ।

आवश्यक कागजातहरु :

१. फार्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि,
२. फार्म नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्टारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,
३. भ्याट प्रमाण पत्रको प्रतिलिपि,
४. पछिल्लो आ.व. अर्थात आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. शिलबन्दी फारम दस्तुर रु १०००।०० को रकम राजस्व शिर्षक नं. १४२२९ प्रशासनिक सेवा शूल्क कार्यालय कोड नं. ३१२००२१०१ मा जम्मा गरेका बैंक भौचर।
६. जमानतः- सिलबन्दी प्रस्ताव खोल्दा सबभन्दा न्यूनम दररेट पेश भएका प्रस्तावकबाट आपूर्तिको लागि धरौटी रकम कार्यालय कोड नं. ३१२००२१०१, राष्ट्रिय वाणिज्य बैंक लि. को खाता नं. १२६०१००१०२०३००००० मा जम्मा गर्नु पर्नेछ वा नेपाल सरकारले तोकिएको वाणिज्य बैंकबाट २०८२ साल असार मसान्त सम्मको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी)।
७. कालो सूचीमा नरहेको स्व-घोषणा।
८. समान प्रकृतिको काम गरेको भएमा सो सम्बन्धि प्रमाणहरुको प्रतिलिपी।
९. सुचिकृत भएको आपुर्तीकर्ता प्रस्ताव पेश गरेको यन्त्र उपकरणहरुको किसिम, क्षमता, मोडल, ब्राण्ड र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समूहकृत गरी उक्त समुहमा परेको न्यूनतम मूल्यलाइ आधार मानी मूल्य तोक्ने छ। छनौट भएका अनुदानग्राहीले रुचाएको स्यालो टयुबवेल जडान कार्यको यन्त्र उपकरणहरु सुचिकृत भएको आपुर्तीकर्ताबाट सम्बन्धित यन्त्र उपकरणहरु खरिद गर्नेछ।
१०. परियोजनाको स्वीकृत कार्याक्रमहरुको विनियोजित रकमको अधिनमा रही अनुदानग्राहीबाट भएको स्यालो टयुबवेल जडान कार्यका यन्त्र उपकरणहरु आपुर्ती गर्नु पर्नेछ। यसरी आपुर्ती गर्दा अनुदानग्रहीबाट शत प्रतिशत रकम लिई सो यन्त्र उपकरणहरु उपलब्ध गराउनु पर्नेछ। अनुदान वापतको रकम अनुदानग्रहीको खातामा जम्मा हुने गरी यस परियोजनाबाट भुक्तानी हुनेछ।
११. यस परियोजनाको अनुदानमा पाएको यन्त्र वा उपकरण वा सामग्रीहरुमा केही डिफेक्ट भएमा वा बिग्रेमा मर्मत गराउन पर्नेछ अन्यथा सोही धरौटीबाट कटा गरी मर्मत गरिने वा मर्मत नभएमा अनुदान ग्राहीलाई नयाँ सामग्री उपलब्ध गराउने छ।
१२. यस सूचनामा उल्लेख गर्न छुट भएको अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन अनुसार हुनेछ।

डा. हरेराम यादव
बरिष्ठ कृषि अधिकृत

डा. हरेराम यादव